चक्रवातहरू

Nepali | नेपाली

# चक्रवातहरूका लागि तयार हुनुहोस्

## चक्रवातहरूका लागि आफ्नो परिवार र घरलाई तयार गर्नुहोस्।

### के तपाईंलाई थाहा छ?

- चक्रवातहरू पृथ्वीका केही **सबैभन्दा शक्तिशाली आँधीहरू** हुन्, जसले विनाश गर्ने बतास, भारी वर्षा, आँधीजन्य समुद्री ज्वारहरू र बाढी ल्याउँछन्।
- **हरिकेन (हुरी),टाइफुन (तूफान),** र **चक्रवातहरू** सबै उस्तै प्रकारका आँधीबेरी हुन्। यी कहाँ उत्पन्न हुन्छन् भन्ने आधारमा फरक–फरक नामले चिनिन्छन्।
- चक्रवातको शान्त र सफा देखिने केन्द्र—जसलाई आँखा भनिन्छ—भ्रामक हुन सक्छ। एकचोटि यो सकेपछि, अर्को छेउले अझ **भीषण बतास** र **मेघगर्जनहरू** ल्याउनेछ।

## चक्रवात भनेको के हो?

चक्रवात (जसलाई उष्ण कटिबंधीय चक्रवात, हरिकेन वा टाइफुन पनि भनिन्छ) एक शक्तिशाली, घुमाउरो आँधीबेरी प्रणाली हो जुन न्यानो महासागरहरू माथि बन्दछ। जब यो भूमिमा पुग्छ, चक्रवातले निम्न कुरा गर्न सक्छ:

- घण्टौँ वा धेरै दिन रहन सक्छ
- भारी वर्षा र अचानक आउने बाढी निम्त्याउन सक्छ
- भवन, रूख, पावरलाइनहरू क्षति पुर्‍याउन सक्छ
- बिजुली, पानी र फोन सेवाहरू बन्द गर्न सक्छ।

### के म जोखिममा छु?

यदि तपाईं निम्न ठाउँमा बस्नुहुन्छ वा भ्रमण गर्नुहुन्छ भने तपाईं सबैभन्दा बढी जोखिममा हुनुहुन्छ:

- क्वीन्सल्याण्ड, नर्दन टेरिटोरी, वेस्टर्न अष्ट्रेलिया वा न्यू साउथ वेल्स
- समुद्री सतहको नजिकका क्षेत्रहरू आँधीजन्य समुद्री ज्वारहरूको जोखिममा हुन्छन् (समुद्री सतहमा अस्थायी वृद्धि)
- ठूला रूखहरूले घेरिएका वा बाढी आउन सक्ने स्थानमा रहेका घरहरू।

अष्ट्रेलियामा, धेरैजसो चक्रवातहरू **नोभेम्बर** र **अप्रिलको बीचमा** हुन्छन्।



थप जान्नको लागि यो वेबसाइट हेर्नुहोस्

**getready.gov.au/nepali**

### चेतावनी दिने जानकारी

अष्ट्रेलियाली चेतावनी प्रणालीलाई आपतकालीन सेवाहरूद्वारा सक्रिय साइक्लोनबाट हुने जोखिम कति गम्भीर छ भनेर देखाउनको लागि प्रयोग गरिन्छ। त्यहाँ तीनवटा चेतावनीका तहहरू छन् जसले तपाईंले लिनुपर्ने कदमहरूमा मार्गदर्शन प्रदान गर्दछ।



सल्लाह | हेर्नुहोस् र कदम चाल्नुहोस् | आपतकालीन चेतावनी

अष्ट्रेलियामा, चक्रवातहरूलाई वर्ग १ देखि वर्ग ५ मा मूल्याङ्कन गरिन्छ। वर्ग जति उच्च हुन्छ, जीवन र घरहरूमा हुने जोखिम त्यति नै उच्च हुन्छ।

## चक्रवातको लागि कसरी तयारी गर्ने

आज तयारी गर्नाले चक्रवात आयो भने तपाईंलाई सुरक्षित रहन मद्दत गर्न सक्छ। आफ्नो घरमा सबैजनासँग कुरा गर्नुहोस् र सँगै तयारी गर्नुहोस् ताकि प्रत्येक व्यक्तिलाई के गर्ने भनेर थाहा होस्।

**चक्रवातको लागि तयारी गर्न, तपाईंले निम्न कुराहरू गर्नुपर्छ:**

- **आफ्नो घरलाई तयार राख्नुहोस्**
- **आपतकालीन योजना बनाउनुहोस्**
- **आपतकालीन किट प्याक गर्नुहोस्**
- **आफ्ना छिमेकीहरू र स्थानीय समुदायसँग कुरा गर्नुपर्छ**

Australian Government
National Emergency Management Agency

## आफ्नो घरलाई तयार राख्नुहोस्

- फर्निचर, छाता, र ट्र्याम्पोलिनहरू जस्ता बाहिरी वस्तुहरू बाँध्नुहोस् वा भण्डारण गर्नुहोस्।
- रूखका हाँगाहरू छोट्याउनुहोस्।
- गटर, डाउनपाइप र नालीहरू सफा गर्नुहोस्।
- छत, टाइल र झ्यालहरू जाँच गर्नुहोस् र मर्मत गर्नुहोस्।
- उपकरणहरूको सुरक्षा गर्न सर्ज प्रोटेक्टरहरू स्थापना गर्नुहोस्।

## आपतकालीन योजना बनाउनुहोस्

चक्रवात नजिक हुँदा तपाईंले के गर्नुहुनेछ भनेर आफ्नो परिवारसँग कुरा गर्नुहोस्।

आज तयारी गर्नाले तपाईंलाई चक्रवात हुँदा सुरक्षित रहन र तनाव कम गर्न मद्दत गर्न सक्छ। तयार भएका मानिसहरू छिट्टै सामान्य अवस्थामा फर्कन्छन्।

**आपतकालीन योजना** एक लिखित कागजात हो। **तपाईंको योजनामा के समावेश गर्ने भन्ने कुरा यहाँ छ:**

### आपतकालिन अवस्थामा तपाईं कसलाई फोन गर्नुहुनेछ?

तपाईंलाई मद्दत चाहिने बेलाको लागि महत्त्वपूर्ण फोन नम्बरहरूको सूची राख्नुहोस्।

### तपाईं कहिले त्यहाँबाट जानुहुनेछ र तपाईं जाँदा कसरी सुरक्षित रहनुहुनेछ?

- बाढी, ढलेका रूखहरू, र बिजुली कटौतीजस्ता जोखिमहरूको कारण चक्रवातको समयमा यात्रा नगर्नुहोस्।
- ढिला नगर्नुहोस् - पानीको तह छिटो बढ्छ। यदि तपाईं सुरक्षित महसुस गर्नुहुन्न भने, त्यहाँबाट जानुहोस्। ठाउँ खाली गर्नको लागि तपाईंले सल्लाह पर्खिरहनुपर्दैन।
- बाढीको पानी भएको ठाउँमा कहिल्यै गाडी नचलाउनुहोस्, नहिँड्नुहोस् वा पौडी नखेल्नुहोस्।
- सडकहरू अवरूद्ध भएमा प्रयोग गर्न सकिने गरी धेरै वैकल्पिक मार्गहरू पहिचान गर्नुहोस् र प्रस्थान गर्नु अघि मार्गहरू जाँच गर्नुहोस्।

### तपाईं कहाँ जानुहुनेछ?

- सुरक्षित क्षेत्रमा बस्ने परिवार र साथीहरूसँग बस्नुहोस्।
- सामुदायिक आश्रय केन्द्रमा जानुहोस्।

*तपाईंको क्षेत्रको अवस्थाहरूबारे अद्यावधिकहरूका लागि नियमित रूपमा राज्य र स्थानीय सरकारी आपतकालीन सेवा वेबसाइटहरू र सामाजिक सञ्जाल हेर्नुहोस्।*

## आपतकालीन किट प्याक गर्नुहोस्

आपतकालीन किट भनेको तपाईंले आज प्याक गर्नसक्ने अत्यावश्यक वस्तुहरूको बाकस वा झोला हो ताकि चक्रवात वा अन्य आपतकालीन अवस्था आयो भने तपाईं तयार रहनुहुन्छ।

तपाईंले बिजुली वा पानीबिना घरमै बस्नुपर्ने अवस्थाको लागि कम्तिमा तीन दिन पुग्ने आपूर्तिहरू राख्नुहोस्।

तपाईंको किटलाई सुख्खा, पहुँच गर्न सजिलो हुने ठाउँमा राख्नुहोस्, र तपाईंको घरमा भएका सबैलाई यो कहाँ छ भन्ने कुरा थाहा हुने कुरा सुनिश्चित गर्नुहोस्।



## तपाईंको आपतकालीन किटमा के प्याक गर्ने?

यी सामानहरू अहिले नै प्याक गर्नुहोस् ताकि तपाईंको किट सधैँ तयार रहोस्। तपाईंले आफ्नो परिवारको विशेष स्थितिको आधारमा आफ्नो किटमा वस्तुहरू थप्न आवश्यक हुन सक्छ।

- ☐ **लुगाहरू**
- ☐ **ऊनीका कम्बलहरू**
- ☐ **व्यक्तिगत सरसफाईका सामग्रीहरू र ट्वाइलेट पेपर**
- ☐ **सनस्क्रिन र हातको सेनिटाइजर**
- ☐ **औषधीहरू र प्राथमिक उपचार किट**
- ☐ **पानी** (प्रतिव्यक्ति कम्तिमा ३ लिटर, प्रतिदिन)
- ☐ **खाना** (नाश नहुने खाना र क्यान ओपनर)
- ☐ **ब्याट्रीद्वारा सञ्चालित रेडियो**
- ☐ **टर्च र अतिरिक्त ब्याट्रीहरू**

यदि तपाईं त्यहाँबाट जान आवश्यक छ भने तपाईंले निम्न कुराहरू लाने सुनिश्चित गर्नुहोस्:

- ☐ **मोबाइल फोन र चार्जर**
- ☐ **महत्त्वपूर्ण कागजातहरू**
- ☐ **बहुमूल्य चीजहरू**
- ☐ **नगद र बैंक कार्डहरू**
- ☐ **औषधीहरू**

## थप जानकारी कहाँ पाउन सकिन्छ

तपाईंको राज्य वा क्षेत्रको आपतकालीन सेवाहरूको लागि सम्पर्क विवरणहरू फेला पार्नुहोस्।

**getready.gov.au/nepali**

चेतावनीहरू कसरी प्राप्त गर्ने र चक्रवातहरू तथा अन्य प्राकृतिक खतराहरूको लागि कसरी तयारी गर्ने भनेर सिक्नुहोस्।

चक्रवातको समयमा, ABC वा SBS रेडियोमा स्थानीय चेतावनी र अद्यावधिकहरू सुन्नुहोस्।

राष्ट्रिय अनुवाद र दोभाषे सेवा (TIS) को लागि **131 450** मा फोन गर्नुहोस्।

000 EMERGENCY

यदि तपाईं आपतकालीन अवस्थामा हुनुहुन्छ भने,
**000** मा तुरून्त फोन गर्नुहोस्।

Australian Government
National Emergency Management Agency